लेखापरीक्षण प्रतिवेदन

बारपाक सुलिकोट गाउँपालिका, गोरखा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

बारपाक सुलिकोट गाउँपालिका, गोरखा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८३ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/501

श्रीमान् अध्यक्षज्यू,

बारपाक सुलिकोट गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, बारपाक, गोरखा ।

विषय - लेखापरीक्षण प्रतिवेदन ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/501

श्रीमान् अध्यक्षज्यू,

बारपाक सुलिकोट गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, बारपाक, गोरखा ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस पालिकाको आर्थिक वर्ष २०८१/८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. पालिकाको रु.१ अर्ब १३ करोड ४१ लाख ८२ हजारको लेखापरीक्षण गरिएकोमा रु.७१ लाख ८० हजार (०.६३ प्रतिशत) बेरुजु देखिएको छ । सो सम्बन्धमा रु.२७ लाख २९ हजारको प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु.४९ हजार, नियमित गर्नुपर्ने रु.३१ लाख १४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.२ लाख २२ हजार र पेस्की बाँकी रु.१० लाख ६६ हजार रहेको छ। गत वर्षसम्म रु.१० करोड ९४ लाख ३८ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.७ करोड ८१ लाख ८ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा**-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
६७	२५	७१,८०,५४६	०	४	२७,२८,९८९	०	६७	२१	४४,५१,५५७	४९,३०७	३१,१३,८३८	२,२२,४१२	०	०	३३,३६,२५०	१०,६६,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
गोरखा	१०,९४,३८,०००		३,५७,८१,३५८	७३६५६६४२		४४,५१,५५७	७८१०८१९९

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	पेश्की फछ्यौंटः	५०,०००
२	२०८१/८२	तलव भत्ता बढी भुक्तानीः	१९,५९१
३	२०८१/८२	ट्रान्सफर प्रमाण:	२६,५९,३९८
		यस वर्षको जम्मा	**२७,२८,९८९**
४	२०८०/८१	सोझै खरिद-	२५,३१,९६२
५	२०८०/८१	सुरक्षित आप्रवासन परियोजना [SAMI – III]-	२२,९२,६४३
६	२०८०/८१	समानीकरणबाट विद्यालयलाई अनुदान-	४०,६३,५००

७	२०८०/८१	सट्टा शिक्षक-	४,३३,१६०
८	२०८०/८१	संघीय र स्थानीय कार्यक्रममा दोहोरोपना-	११,३४,०००
९	२०८०/८१	शीर्षक फरक-	९९,९०५
१०	२०८०/८१	लाभग्राहीबाट हाते ट्रयाक्टर र थ्रेसर खरिद-	११,५२,७५०
११	२०८०/८१	रीतपुर्वकको कर बिजक-	९,८१,०८०
१२	२०८०/८१	प्रमाण र पुष्ट्याइ-	४,९०,९२८
१३	२०८०/८१	प्रमाण पेश-	१२,७३,३६४
१४	२०८०/८१	प्र.अ. भत्ता थप-	२,१७,५००
१५	२०८०/८१	पारिश्रमिक कर-	३,६६५
१६	२०८०/८१	दिल बहादुर रम्तेल पार्क-	५,८१,१३९
१७	२०८०/८१	दरबन्दी बाहिरको कर्मचारी करार-	२८,४६,६००
१८	२०८०/८१	जिम्मेवारी फरक पारी अ.ल्या. गरेको-	२८,४०,८९५
१९	२०८०/८१	कुकुरलाई वन्धाकरण-	३,००,०००
२०	२०८०/८१	अनुदानको अभिलेख र अनुगमन -	२१,२५,०००
२१	२०८०/८१	BOQ परिमाण थप-	४,०२,७९३
२२	२०७८/७९	शिर्षक फरक पारी खर्च	८,९५,०००
२३	२०७८/७९	परामर्श सेवाः	१६,८३,१३५
२४	२०७८/७९	नाफामुखी सस्थालाई अनुदानः	६,९७,१७९
२५	२०७८/७९	दुर्गा मा वि स्वर्ण महोत्सव खर्चः	४,५०,०००
२६	२०७८/७९	दिल वहादुर रम्तेल स्मृतीकप	२,४७,६५४
२७	२०७७/७८	सोझै खरिद	३३,०२,४४८
२८	२०७७/७८	भुक्तानी दिन बाकीको कच्चाबारी वेगर भुक्तानीः	९,१२,८२९
२९	२०७७/७८	बौद्ध स्टयाचु खरिदः	२५,००,०००
३०	२०७७/७८	बजेट तथा कार्यक्रमः	९,१२,८२९
३१	२०७७/७८	ठेक्का व्यवस्थापन तर्फः	१,५५,१५०

३२	२०७७/७८	ट्रान्सफरमर खरिदः	२,५४,२५०
		गत विगतको जम्मा	**३,५७,८१,३५८**
कुल जम्मा			**३,८५,१०,३४७**

बारपाक सुलिकोट गाउँपालिका, गोरखा

(८०४३६५०९३००)

बारपाक सुलिकोट गाउँपालिका , गोरखा

परिचय

१ **परिचयः**

(क) कार्यालय परिचय :- संघ प्रदेश सरकारबाट प्राप्त अनुदान तथा राजश्व बाँडफाँट एवं पालिकाको आन्तरिक श्रोत साधनको अधिकतम उपयोग गरी संविधानको अनुसुचीमा उल्लेखित कार्यहरु सम्पादन गरी नागरिकलाई अधिकतम लाभ प्रदान गर्नु पालिकाको उदेश्य रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२ ।०५।२१ देखि २०८२ ।०६।०६ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- नगरपालिकको आय-व्ययतर्फ रु.१ अर्ब १३ करोड ४१ लाख ८२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।
(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ८२६२६८/- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	अनुगमन मुल्यौंकन भत्ता	६४६००
२	नपाउने बैठक भत्ता	२७७९५०
३	पारिश्रमिक कर	२३०८४
४	सरुवा भ्रमण भत्ता	३४०४५
५	रनिङ शिल्ड बढी भुक्तानी	१२०००
६	प्रशिक्षक भत्ता	२१४६५
७	तलव भत्ता बढी भुक्तानी	५७५६
८	कार्यपालिकाको निर्णय भन्दा बढी भुक्तानी	२६१२०
९	अतिरिक्त कक्षा संचालन	१००२९५
१०	अवकास पश्चातको तलब	९११०२
११	गाभिएको विद्यालयको मौज्दात	१२७६६
१२	मृत्यु पश्चातको सामाजिक सुरक्षा	२२१७०३
	जम्मा	८२६२६८

२ **आय व्यय**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०८१/०८२ को प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) निम्न बमोजिम रहेको छ ।

आय तर्फ		व्याय तर्फ	
शिर्षक	रकम (रु)	शिर्षक	रकम (रु)
गत वर्षको मौज्दात		चालु	४३७८५८८४१।८
संचित कोष	६६६१९३२७।२९	पुँजिगत	१३४९३१९२८।२
मर्मत सम्भार कोष	५८३२८८८।५१	धरौटी फिर्ता	३७३३००३।२४
धरौटी मौज्दात	१५५६४२००।५२		
		कोष खर्च	
यस वर्षक धरौटी आम्दानि	५३७९८१२।१४	मर्मत सम्भार कोष	४१३६९२१
आन्तरिक राजश्व	१०१५८१८८।६३		
राजश्व बाँडफाँड प्रदेश	८२३४०८१।७७	बैङक मौज्दात	
राजश्व बाँडफाँड संघीय सरकार	९४३४५९४९।५६	धरौटी खाता	१७२११००९।४२
		मर्मत सम्भार कोष	६४५४५३३।८४
संघीय सरकारबाट प्राप्त अनुदान		संचित कोष	३७२११४६८।९२
बित्तीय समानीकरण	१२१८५७२८०		
सशर्त अनुदान	२४७७२१६३०		
समपुरक अनुदान	१०५७०६६२		
विशेष अनुदान	२५००००००		
प्रदेश सरकार बाट प्राप्त अनुदान			
बित्तिय समानीकरण	१८६९३०००		
समपुरक अनुदान	३९०१७२०		
विशेष अनुदान	२९२५४००		
विभिन्न कोष तर्फ आय			
मर्मत सम्भार कोष	४७३३५६६		
जम्मा	६४१५३७७०६।४	जम्मा	६४१५३७७०६।४

३ **वित्तिय विवरणमा समावेश नभएको कारोवारः**

गाँउपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्:

सि.नं.	खर्च शीर्षक	बजेट	निकासा खर्च
१	सामाजिक सुरक्षा तथा सरक्षण	१७००५२४००.	१६९५३८०८५.१२
२	बिदालय क्षेत्र विकास कार्यक्रम	२२७१०००.	१५१००००.
३	उर्जा जलस्रोत तथा खानेपानी	१५००००.	११२५००.
४	मुख्य मन्त्री नवप्रबर्द्धन कार्यक्रम	८००००००.	७९००८५८.
	जम्मा	१८०४७३४००.	१७९०६१४४३.१२

उपर्युक्त बमोजिमका कारोवार समावेश नगरी तयार गरेको एकिकृत प्राप्ती र भुक्तानी प्रतिवेदनले सही र यथार्थ चित्रण गरेको छैन ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **आन्तरिक नियन्त्रण व्यवस्था:**

४.१ **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही बेहोराहरु देहायबमोजिम रहेका छन्:

बजेट व्यवस्थापन तर्फ:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन नगरेको,स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको छैन ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार गरेको छैन ।

• स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रमहरु जस्तैः बैठक, तालिम, गोष्ठी, अभिमुखिकरण आदी लाई व्यवस्थापन गर्न कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको कार्यान्वियन गरेको छैन ।

• स्थानीय तहबाट यस वर्ष सञ्चालन कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगती तयार गरेको छैन ।

भ्रमण खर्च व्यवस्थापन तर्फ:

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख राख्ने गरेको छैन ।

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् सबै खालका भ्रमणको प्रतिवेदन लिने गरेको छैन ।

खरिद व्यवस्थापन तर्फ:

• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको छैन ।

• सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको छैन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको विवण पेश गरेको छैन ।

• सञ्चालित योजनाहरुमा उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गरेको छैन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको छैन ।

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राख्ने गरेको पाईएन ।

शिक्षातर्फ:

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको प्रतिवेदन पेश गरेको छैन ।

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गर्ने व्यवस्था कार्यान्वयन भएको छैन ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको छैन ।

विविधतर्फ :

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमै नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. गरेको छैन ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्ने गरेको छैन ।

अत: पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४.२ **सम्पत्ति हस्तान्तरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल-अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

४.३ **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरणः** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरेर सो को व्यवस्थित अभिलेख राख्नुपर्दछ ।

५ **वितरणमुखी खर्चः**

सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ ले सरकारी खर्चलाई मितव्ययी बनाउने तथा वितरणमुखी कार्यमा खर्च गर्दा प्रयाप्त तयारी गरी न्यूनतम खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहाय बमोजिमका व्यक्ति तथा संस्थालाई

निम्नानुसारको रु. ३१९२२८१/- को वितरणमुखी खर्च गरी, कार्यक्रम खर्च तथा विभिन्न सामाग्री वितरण गरेको छ । यस्तो वितरणमुखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । केही उदाहरण

गो. भौ . नं ./ मिति	भुक्तानी लिने व्यक्ति/ संस्था	खर्च रकम रु.
१९०।२०८१।९।२१	बारपाक सुलिकोट इसाई समाज (विविध खर्च)	३००००
३८१।०८१।१०।८	माई भगवती मन्दिर संरक्षण तथा संवर्द्धन समिति	५००००
५०३।०८१।११।१३	जनप्रेमी युवा क्लव	२५०००
३८१।०८१।१०।८	माई भगवती मन्दिर संरक्षण तथा संवर्द्धन समिति	२००००
५४८।०८१।१२।७	तीन खण्डे महिला समुह सामाग्री खरिद	५००००
६०४।०८१।१२।१३	बाह्मुले युवा क्लव	५००००
६९७।०८२।१।९	विभिन्न समुह, क्लव कृषक समुहलाई सामाग्री वितरण	६६२२८८
७०३।०८२।१।१०	माझथर मा. वि . कम्प्यूटर जन्य सामाग्री वितरण	७९४३९०
७२३।०८२।१।१६	मिलिजूली कृषक समुह ढोडेनी फागु पुर्णिमा विशेश मेला	१०००००
७५३।०८२।२।२	सीता गुफा व्यवस्थापन विशेश मेला	२५००००
१०२७।०८२।३।१७	बारपाक बसपार्क टोल विकास संस्था	१४५०००
८०४।०८२।२।१४	बारपाक भुकम्प स्मृति सभा कार्यक्रम	७८५६०३
११३८।०८२।३ ।२५	मण्डली यूवा क्लव	३००००
१००७।०८२।३।१५	अन्तरजातिय विवf ह गर्ने जोडी सम्मान कार्यक्रम	२०००००
	जम्मा	३१९२२८१

६ **बजेट तथा कार्यक्रमः**

६.१ **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको नदेखिएकाले जस्तै प्राथमिकता प्राप्त योजना तथा कार्यक्रम निरन्तरता नभएको, रोजगार श्रृजना र आय आर्जन बढाउने भनिएकोमा त्यस्ता कार्यक्रम किटानी रुपमा नरहेकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६.२ **बजेट सीमा निर्धारण समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋृण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । तर

पालिकाले समिति गठन गरेको र उपलब्ध गराएता पनि ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६.३ **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री सन माया गुरुङ ले मिति २०८१।३।१० गते रु. ६५ करोड ४९ लाख ३७ हजारको बजेट सभा समक्ष पेश सोही मितिमा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८।०५।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । ऐन बमोजिम समयमा अख्तियारी प्रदान गरी कार्यक्रम कार्यान्वियन गर्नु पर्दछ ।

६.४ **बजेट विनियोजनः** आर्थिक वर्ष २०८१/०८२ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको छ ।

कुल बजेट	चालु बजेट रु .	प्रतिशत	पूँजीगत बजेट रु .	प्रतिशत
६५४९३७०००	४९९४९७०००	७६.३	१५ ५२४००००	२३. ७

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु ६५,४९,३७,०००/- बजेट विनियोजन भएकोमा चालु तर्फ रु ७६.३ प्रतिशत र पूँजीगत तर्फ रु २३. ७ प्रतिशत बजेट विनियोजन भएको छ ।

६.५ **बजेट तथा पूँजीगत खर्चः** गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाए बमोजिम रहेको छ ।

क्र.स.	आर्थिक वर्ष	बजेट	पूँजीगत खर्च	बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत
१	२०८१/०८२	१५५२४००००	१३५१२२०८९	८७.०४

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु. १५,५२,४०,०००/- विनियोजन गरेकोमा रु १३,५१,२२,०८९/- खर्च गरेको छ जुन ८७.०४ प्रतिशत मात्र हुन आउँछ ।पालिकाले विकास निर्माण कार्यलाई प्राथमिकतामा राखेर कुल बजेट मध्ये पुँजीगत खर्चको हिस्सामा बृद्धि गरी अनिबार्य प्रकृतिका बाहेक अन्य चालु खर्चहरुमा न्यूनीकरण गर्नुपर्दछ ।

६.६ **बजेट तथा चालु खर्चः** पालिकाहरुमा वार्षिक कार्यक्रम तथा बजेट परिषदबाट स्वीकृत गरी बजेट विनियोजन गरिएको हुन्छ ।

क्र.स.	आर्थिक वर्ष	बजेट	पूँजीगत खर्च	बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत
१	२०८१।०८२	१५५२४००००	१३५१२२०८९	८७.०४

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु. १५५२४००००/- विनियोजन गरेकोमा रु. १३५१२२०८९/- खर्च गरेको छ जुन ८७.०४ प्रतिशत मात्र हुन आउँछ । पालिकाले विकास निर्माण कार्यलाई प्राथमिकतामा राखेर कुल बजेट मध्ये चालु प्रकृतिको खर्चमा भन्दा पुँजीगत प्रकृतिको खर्चको हिस्सामा बृद्धि गर्नुपर्दछ ।

६.७ **मौज्दात रकमः** पालिकाले यस वर्ष चालु तथा पूँजीगत कार्यका लागि रु ५७,३४,४४,४८१खर्च गरेको छ भने पालिकाको बैंक खातामा रु३,७२,११,४६८/९२मौज्दात बाँकी रहेको छ । पुँजिगत खर्च लक्ष्य अनुरुप हुन नसक्दा मौज्दात रकम रहँदै आएको तर्फ पालिकाले ध्यान दिई लक्ष्य अनुरुपका योजना संचालन गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

६.८ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण पेश गर्नुपर्ने र नियम ३६ मा केन्द्रीय निकायले त्यसको भौतिक र वित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समिक्षा गर्नुपर्ने व्यवस्था छ । यसरी समिक्षा गर्दा प्रगति कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि चाल्नुपर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध

गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति बिश्लेषण गर्दा चौथो त्रैमासिकमा मात्र ५७.९७ प्रतिशत र आषाढमा मात्र ३३.९७ प्रतिशत खर्च गरेको देखिन्छ । अन्तिम त्रैमासिक तथा वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौथो त्रैमासिक र आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले चौथो त्रैमासिक तथा आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)				आषाढ महिनाको मात्र खर्च
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	
१	संघीय पूँजीगत	१४१६३			१३५२	१२८११	१२८११
२	प्रदेश पूँजीगत	६८२७			३५१९	३३०८	२२९०
३	गाउँपालिका पूँजीगत	११४१३२	३२२५	८०४७	४०६५५	६२२०५	३०८०३
	कूल खर्च	१३५१२२	३२२५	८०४७	४५५२५	७८३२४	४५९०४
	खर्च प्रतिशत		२.३९	५.९६	३३.६९	५७.९७	३३.९७

७ **योजना तर्जुमा र कार्यान्वायन तर्फ:**

७.१ **ठेक्का व्यवस्था:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजनामा लागत अनुमान भन्दा ०.६३ देखि ५२.१४ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरेर भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नैं अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य रुपमा घटी प्रतिशत गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहाय अनुसार रहेका छन ।

४	गाउँपालिका पूर्वाधार निर्माण कार्य (कम्पायण्ड वाल, मुख्य प्रवेश द्वार	BSRM/GO/ROAD/NCB/081/082/04	श्री जय श्री भिमसेन कन्स्ट्रक्सन , सिरानचोक गा.पा., गोरखा	१४०१२०१२।४१	१०७२६९६७।५	२४।९८
५	दिल बहादुर रम्तेल पार्क निर्माण कार्य ।	BSRM/GO/ROAD/NCB/081/082/05		६३५०६९५।७३	५४१८०३३।७	११।९१
६	देउराली बहुउद्देश्यि सभाहल निर्माण कार्य ।	BSRM/GO/ROAD/NCB/081/082/06	श्री आर. ए. कन्सट्रक्सन प्रा.ली. गोरखा ।	८८२८७६९।०४	७२९४५७५।८	१५।२५
७	औषधी/सर्जिकल खरिद तथा आपुर्ति 'म्क्बन्धी कार्य	BSRM/GOMEDICINE/NCB/081/082/07	श्री एडभान्स गोरखा कन्स्ट्रक्सन प्रा.लि.	२७७४२०१।३	१३२७७९०	५२।१४
८	न्यू हेम्पसायर ३५ दिने चल्ला खरिद तथा सप्लाई सम्बन्धी कार्य ।	BSRM/GO/CHICKS/SQ/GOODS/081/081-08(RE)	श्री बालेश्वरी दाना, चल्ला सप्लायर्स, शहिद लखन गा.पा.–९, गोरखा ।	१५४०८००	१५३११७०	०।६३
९	रुतुका आलगाउँ स्यामेर सडक स्तरोन्नती कार्य	BSRM/GO/ROAD/NCB/081/082/18	श्री नुपुर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. बारपाक सुलिकोट–०६, गोरखा	६९९९९०३।४७	४६३६४१८।८	३३।७६
			जम्मा	६८४५६५९१।७२	४७८१८०१४।९६	३०।१२

७.२ **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्मस् अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गर्नु पर्दछ । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्मस् अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

७.३ **आयोजना हस्तान्तरण:** सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट रु.३,२३,५२,१८३ खर्च गरी १९४ बटा आयोजनाहरु सम्पन्न गरेकोमा नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरेको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जानसक्ने देखिन्छ । अत: सम्पन्न आयोजनाहरु समयमै हस्तान्तरण उचित रेखदेख तथा मर्मत सम्भार हुने व्यवस्था गर्नुपर्दछ ।

७.४

वार्षिक खरिद योजना/गुरुयोजना : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ मा वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१३,५१,२२,०८९पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावलीले तोकेको व्यवस्था बमोजिम खरिद योजना/गुरुयोजना बनाई कार्यान्वियन गरेर सार्वजनिक खरिद कार्य व्यवस्थित र प्रभावकारी बनाउनु पर्दछ ।

७.५ **योजना छनौट र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन् ।

क्र. सं .	विवरण	योजना संख्या	रकम
१	रु. १ लाख भन्दा कमका योजना	७	४०५०००
२	रू. १ लाख देखि रू . ३ लाख सम्मका योजना	८२	१३४०००००
३	रू. ३ लाख देखि माथि रू . ५ लाख सम्मका योजना	८१	२७३७००००
४	रु. ५ लाख देखि माथि रू . १० लाख सम्मका योजना	१४	७५७०००
५	रू. १० लाख देखि माथि रू . २५ लाख सम्मका योजना	१०	१२४७००००
६	रू. २५ लाख भन्दा माथीका योजना	५	३५१७४२०९
	जम्मा	२२०	९६३१९२०९

साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठुला र प्राथमिकता प्राप्त योजनामा ध्यान दिनुपर्दछ ।

७.६ **ठेक्का बन्दोवस्तः** कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छ ।

कार्यक्रम/ शीर्षक	खरिद सम्झौता								यस बर्ष सम्पन्न	
	कुल जम्मा		प्रथम चौमासिक		दोस्रो चौमासिक		तेस्रो चौमासिक			
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
बोलपत्र	९	४९४६९९३०.२			८	४४८३३५११.४	१	४६३६४१८.	४	१३६३२५०४.
जम्मा	९	४९४६९९३०.२			८	४४८३३५११.४	१	४६३६४१८	४	१३६३२५०४.

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागी रू. ४ करोड ९४ लाख ७० हजार लागतको ९ ठेक्का वन्दोवस्त गरेकोमा दोश्रो चौमासिकमा रु. ४ करोड ४८ लाख ३३ हजारको ८ ठेक्का र तेश्रो चौमासिकमा रु. ४६ लाख ३६

हजारको १ ठेक्का संझौता भएको देखिन्छ । यो वर्ष भएको ठेक्का संझौता मध्ये वर्षान्त सम्ममा रू. १ करोड ३६ लाख ३२ हजार बराबरको ४ ठेक्का मात्र सम्पन्न भएको अवस्था छ ।यसरी अन्तिम चौमासिक वा वर्षान्तमा बढी कार्यक्रम सञ्चालन गर्दा आउन सक्ने नकारात्मक स्थिति तर्फ ध्यान दिनुपर्दछ ।

८ **परामर्स सेवा खरिदः**

८.१ **सम्भाव्यता अध्ययन/ डि.पि.आर खर्चः** सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८.९ मा प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा गत वर्ष २ कार्यमा रु. ११०००००/- र यो वर्ष ७ कार्यमा रु.३१६९१५४/- समेत कुल रु.४२६९१५४/- खर्च गरेको छ। यसरी रु.४२६९१५४/- खर्च गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता सर्भे तथा सर्वेक्षण, प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि वजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यालयले ध्यान पुऱ्याएको छैन । अत: पालिकाले यस सम्बन्धमा प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्च नियन्त्रण सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१/०८२ मा परामर्श सेवा (डि.पि.आर. समेत) वापत रु.३१६९१५४/- भुक्तानी गरेकोमा सोको विवरण देहाय बमोजिम रहेको छ ।

ऋ	कामको विवरण	परार्मशदाताको नाम	लागत अनुमान रु.	सम्झौता रकम रु.	घटी प्रतिशत	योजनाको कुल लागत अनुमान
१	Preparation of Initial Environmental Examination (IEE) Report of Extraction of Riverbed Materials(Daraudi River, Hudikhol,Stulkhola & Talkhola)	Mount Makalu Engineering Pvt.Ltd, Thapathali-11, Kathmandu	२९९६५८.३९	२९७१९०.	-१.२१	
२	Preparation of Initial Environmental Examination (IEE) Report of Daraudi River at Kalika Hydropower Dam Site For Extraction of Riverbed Materials	Tarapunja Engineering and Research Pvt.Ltd, Nagarjun07, Kathmandu.	३९९८०२.९	३९८३२५.	-०.३६९	
३	DPR of Zip line & Bojeni Tall	Gatishil Engineering Pvt. Ltd Chabahil-06, Ktm	४९९२८५	४९५५०५.	-०.७६	
४	संगठन तथा व्यवस्थापन सर्भेक्षण	Support For Development Consultancy Pvt.Ltd, Kathmandu	५०००००	495375	-०.९२५	
५	Rural Municipality Transport Master Plan	Sarthak Engineering Consultancy Pvt. Ltd., Baneshwor, Kathmandu	९९९८००	९८४०६०.५	-१.५७	
६	Social Examination Programme	Pema Engineering and Research Consultancy Pvt.Ltd, Kathmandu	२९९८०५	२९८७००	-०.०२५	
७	पर्यटन डकुमेन्ट्री	Sanjivan International Pvt. Ltd. Ktm	२०००००	१९९९९९	-०.००१	
	जम्मा		३१९८३५२.०१	३१६९१५४	०.००९१	

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष ७ लगायतका कार्यमा कोटेशन लगायतका विधिबाट ७ वटा सेवा खरिदका लागि जम्मा रु.३१९८३५२.०१ को लागत अनुमान तयार गरी सम्झौता अनुसार रु.३१६९१५४/- भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औसतमा ०.००९१ प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ । पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परामर्श सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

८.२ **डि.पि.आर. को कार्यान्वायनको अवस्थाः** पालिकाबाट प्राप्त विवरण अनुसार गत विगत वर्षहरुमा डि.पि.आर. गरेका देहाय बमोजिमका ८ वटा योजनाहरु हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् । त्यसरी कार्यान्वयन हुन बाँकी रहेको योजना देहाय बमोजिम रहेको छ ।

क्र. सं	डि. पि . आर . आर्थिक a वर्ष	कामको विवरण	परार्मशदाताको नाम	भुक्तानी रकम रु .	योजना कार्यान्वयन हुन नसक्नुको कारण
१	२०८०।०८१	नारद पोखरी मनास्लु पैदल मार्ग डीपीआर तयार निर्माण	TAAN Engineering Consultancy, Kathmandu	८०००००	कार्यस्थल ठूलो भएको र बजेटको अभाव
	जम्मा			८०००००	

उपरोक्त विवरण अनुसार पालिकाले गत विगत वर्षमा डि.पि.आर. गरेको १ वटा योजनामा रु.८०००००/- भुक्तानी भएकोमा उक्त योजना बजेट अभाव लगायतका कारणले हालसम्म कार्यान्वयनमा आउन सकेको देखिएन । त्यसैले कार्यान्वयनमा हुन सक्ने र प्राथमिकता प्राप्त योजनाहरुको पहिचान गरेर मात्र परार्मश सेवा लिने तर्फ ध्यान दिनुपर्दछ ।

९ सेवा प्रवाहः

९.१ **सेवाप्रवाहको स्थितिः** पालिकाले आर्थिक वर्ष २०८१/०८२ मा निम्न विषयमा २०६३ जनालाई देहाय बमोजिम पञ्जिकरण प्रदान गरेको छ ।

विवरण	सेवा संख्या
जन्म दर्ता	६१०
मृत्यु दर्ता	३२९
बसाईसराई दर्ता	८४
विवाह दर्ता	३५०
सम्बन्ध विच्छेद दर्ता	७०
जम्मा	२०६३

उपरोक्तानुसार पालिकाको वार्षिक सेवा प्रवाह अवस्था विश्लेषण गर्दा वार्षिक के कति सेवाग्राहीले सेवा प्राप्तिको लागि निवेदन दिएका थिए र के कतिले प्राप्त गर्न सकेनन् सेवा प्राप्त हुन नसक्नुको कारण व्यवस्थित रेकर्ड नराखेकोले एकिन गर्न सकिएन । गुनासो सुनुवाई प्रभावकारि वनाई साथै सेवाग्राही सन्तुष्टी सर्वेक्षण गरि सेवा प्रवाहको अवस्थाको मुल्यांकन गर्न सके अझ प्रभावकारि हुने देखिन्छ ।

९.२ **न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ ।

गत वर्षबाट सरेका विवाद	यस वर्ष दर्ता भएको	जम्मा	फछ्र्यौट/ कारवाही भएका विवाद	फछ्र्यौट/ कारवाही हुन बाँकी विवाद
२०	११	३१	६	२५

उपरोक्तानुसार पालिकामा न्यायिक समितिको मुद्धा फछ्र्यौटको अवस्था सामान्य देखिन्छ । आर्थिक वर्ष २०८०।८१ को अन्तमा जम्मा २० मुद्धा सरि आएकोमा वांकी मुद्धाको समेत समयमै न्यायिक निरुपण हुनुपर्दछ ।

१० फोहोरमैला व्यवस्थापनः

फोहरमैला व्यवस्थापनः फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ ।

फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

११ **सहकारी तर्फः**

११.१ **सहकारी नियमनः** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४९ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

११.२ **संघीय सरकारको अधिकार क्षेत्र अन्तर्गतको विषयमा कानून निर्माणः** नेपालको संविधानको धारा ५७ (६) अनुसार उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनुपर्नेछ र प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्वस्था छ । त्यसैगरी संविधानको अनुसूची - ५ संघको अधिकार सूची अन्तर्गत बुदाँ नं. ३० मा फौजदारी र देवानी कानूनको निर्माण गर्ने अधिकार संघको रहेको छ । तर गाउँपालिकाको सहकारी ऐन, २०७५ को दफा ८० अन्तर्गत विभिन्न कसुरका लागि १ वर्ष देखि १० वर्ष सम्म कैद सजाय व्यवस्था छ । त्यसैले देवानी तथा फौजदारी कानून निर्माण गर्ने संवैधानिक तथा कानूनी क्षेत्राधिकार संघीय सरकारको देखिएकाले उल्लेखित कानूनी व्यवस्थामा सुधार हुनुपर्दछ ।

११.३ **सहकारी संस्थाको विवरणः** पालिकामा यस आर्थिक वर्षमा सहकारी संस्थाको विवरण देहाए बमोजिम रहेको छ ।

क्र.सं.	सहकारीको नाम	जम्मा सदस्य	शेयर पुँजी	कुल बचत	कुल ऋण लगानी	जगेडा कोष
१	बारपाक महिला बहुउद्देश्यीय स.सं.लि.	३५७	३७८५००	४३०५२७४	७२०७०१३	१३६५४७.२५
२	बौद्ध बहुउद्देश्यीय स.सं.लि.	८०७	७५८६५००	७७०८६७१०	८०२१६१४१	३४८५४४०
३	लाक्पा दोर्जे कृषि स.सं.लि. बा.सु.-२	३५७	१३५०५८५	६५१४४४४	१२९९३०००	४८९१६४
४	सुलिकोट बहुउदेश्यीय सहकारी संस्था लि.	८५८	१८५१६६००	६७८६५१२९९	१०१२३२२५६	१२९६७२०२
५	सौरपानी वचत तथा ऋण सहकारी संस्था लि.	१७७	१६४४००	२०४८२१३९८	३०५०९३३.८३	६१४४४१२
६	साना किसान कृषि सकारी संस्था लि.	४०३	५००३००	३११९७३१	१६९६६४७	
७	सौरपानी महिला बचत तथाऋण स.सं.लि.	१५३	१११५००	१७५००००	१७५००००	
८	जमुना बचत तथा ऋण सहकारी स.सं.लि.	१८३	२९९९००	२०८८१०५	२९५३४००	
९	आरती महिला बचत तथा ऋण सहकारी संस्था लि.	१६०	३०००००	६८४०००	६८४०००	
१०	माइकोट महिला बचत तथा ऋण सहकारी सं.	३७०	४४५५४२	२३९४४७२	२३९४४७२	१०१७२
११	ताकुकोट कृषि स.सं.लि.	४७०	२८०१६००	१३१९८६६६	१५५६७४००	७३६५६४
१२	पिलबोट सामुदायिक कृषि सहकारी संस्था लि.,	१६३	६९१९००	१५९७५२८	२२२५५८०	१४२१६
१३	ताकुमाझ लाकुरीबोट सामुदायिक ग्रामीण विद्युत वितरण सहकारी सं.लि.	१३	२२३३५४०			२१८५०९।४८
१४	महिला जागरण बचत तथा ऋण स.स.लि.	१००८	४८५०२०९	२७६८४९७७.८	३२९२७२०६	२००४२४१
१५	सितागुफा महिला बचत तथा ऋण सहकारि संस्था लि०	१०४		७२०००		
१६	उलाजुङ कृषि सहकारी संस्था लि.	२६		६२७००		

११.४ **समस्याग्रत सहकारी संस्थाः** सहकारी ऐन, २०७५ को नियम ७७ को उपनियम १(घ) अन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुने गरी संस्था सञ्चालन भएको देखिएमा समस्याग्रत घोषणा गर्न सक्ने भन्ने व्यवस्था भएको र विनियम विपरीत संचालन भएका देहाए बमोजिमका ३३ वटा सहकारी संस्था समस्याग्रत अवस्थामा रहेका देखिएको छ । पालिकाले समस्याग्रस्त रहेका जनाएको सहकारीहरु के कस्तो प्रकारको समस्या भएको र के कति कारणले समस्याग्रस्त भएको हो सो व्यहोरा खुलाएको छैन । पालिकाले सहकारी सदस्यहरुको हित र वचत रकमको सुरक्षा हुनेगरी कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित र सघन अनुगमन गरी ऐनको व्यवस्था अनुसार कानूनी दायरामा ल्याउनुपर्दछ ।

क.सं	सहकारीको नाम	ठेगाना	अध्यक्षको नाम
१	सौरपानी बचत तथा ऋण सहकारी लिमिटेड	बा.सु.गा.पा—४, सौरपानी	प्रशन बावु श्रेष्ठ
२	बौद्ध वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	बा.सु.गा.पा.—२, बारपाक	जनी बहादुर घले
३	हुँडी खोला लघु जलविद्युत सहकारी संस्था लिमिटेड	बा.सु.गा.पा—४, सौरपानी	ओम बहादुर गुरुङ
४	महिला जागरण बचत तथा ऋण सहकारी संस्था लिमिटेड	बा.सु.गा.पा.—५, तामालाबोट	दुर्गा देवी गुरुङ
५	प्रगतिशिल उपभोक्ता सहकारी संस्था लिमिटेड	बा.सु.गा.पा—४, सौरपानी	दिपक कुमार थापा मगर
६	जनसेवा उपभोक्ता सहकारी संस्था लिमिटेड	बा.सु.गा.पा—८, पन्द्रुङ	खिल प्रसाद पनेरु
७	ताकुकोट कृषि सहकारी संस्था लि.	बा.सु.गा.पा—६, ताकुकोट	मोह प्रसाद पनेरु/ टंक बहादुर सारु मगर
८	श्री लाक्पा दोर्चे कृषि सहकारी संस्था लिमिटेड	बा.सु.गा.पा.—२, बारपाक	विर बहादुर घले
९	सौरपानी महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड	बा.सु.गा.पा—४, सौरपानी	धनी माया पनेरु
१०	श्री हरियाली कृषि उत्पादक सहकारी संस्था लिमिटेड	बा.सु.गा.पा.—५, तामालाबोट	प्रेम बहादुर ढकाल
११	पन्चकन्या कृषि सहकारी संस्था लिमिटेड	बा.सु.गा.पा—४, सौरपानी	शेर बहादुर बराम
१२	श्री माईकोट महिला बचत तथा ऋण सहकारी संस्था	बा.सु.गा.पा—६, ताकुकोट	बिनिता बराम
१३	श्री ताकुमाझ लाकुरीबोट सामुदायिक ग्रामीण विद्युत वितरण सहकारी संस्था लिमिटेड	बा.सु.गा.पा.—५, तामालाबोट	सुक राज भन्ने ओम गुरुङ
१४	श्री पिपलबोट सामुदायिक कृषि सहकारी संस्था लिमिटेड	बा.सु.गा.पा.—५, तामालाबोट	टंक बहादुर गुरुङ
१५	श्री जमुना बचत तथा ऋण सहकारी संस्था लिमिटेड	बा.सु.गा.पा.—७, पाँचखुवा देउराली	सुशिला अंगाई
१६	हिमालय अर्गानिक कफि सहकारी संस्था लिमिटेड	बा.सु.गा.पा., बारपाक	तिलु घले
१७	हातेमालो उपभोक्ता सहकारी संस्था लिमिटेड	बा.सु.गा.पा—६, ताकुकोट	रत्न कुमार श्रेष्ठ
१८	श्री आरती महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड	बा.सु.गा.पा—८, पन्द्रुङ	सुजना गुरुङ
१९	बारपाक उपभोक्ता सहकारी संस्था लिमिटेड	बा.सु.गा.पा.—२, बारपाक	मन बहादुर घले
२०	हिमालयन कृषि सहकारी संस्था लिमिटेड	बा.सु.गा.पा.—१, बारपाक	
२१	बारपाक महिला बहुउद्देश्यीय स.सं.लि.	बा.सु.गा.पा.—१, बारपाक	
२२	सिता गुफा महिला बचत तथा ऋण स.सं.लि	बा.सु.गा.पा.—३, स्वाँरा	
२३	स्वाँरा उत्थान उपभोक्ता स.सं.लि.	बा.सु.गा.पा.—३, स्वाँरा	
२४	श्री उलाजुङ कृषि स.सं.लि.	बा.सु.गा.पा.—३, स्वाँरा	
२५	जनमुक्ति उपभोक्ता सहकारी संस्था लि.	बा.सु.गा.पा.—५, तामालाबोट	
२६	तल्लो हुँडीखोला लघुजलविद्युत सहकारी सं.लि.	बा.सु.गा.पा.—५, तामालाबोट	
२७	श्री बाल्वाङ कृषि स.सं.लि.	बा.सु.गा.पा.—६, ताकुकोट	

२८	श्री भेन कृषि सहकारी संस्था लि.	बा.सु.गा.पा.—७, देउराली	पोखरी प्रसाद धिताल
२९	श्री हिमाली प्रगतिशिल पशुपंक्षी तथा कृषि सहकारी संस्था लि.	बा.सु.गा.पा.—२, बारपाक	राजीव घले
३०	सुलिकोट बहुउदेश्यीय सहकारी संस्था लि.	बा.सु.गा.पा.—४, सौरपानी	डा.हरेराम श्रेष्ठ
३१	साना किसान कृषि सहकारी संस्था लि.	बा.सु.गा.पा.—४, सौरपानी	टिका प्रसाद ढकाल
३२	मिलाप कृषि उद्योग सहकारी संस्था लि.	बा.सु.गा.पा.—४, सौरपानी	कुल प्रसाद न्यौपाने
३३	पन्द्रुङ कृषि सहकारी संस्था लि.	बा.सु.गा.पा.—८, पन्द्रुङ	ईश्वर बगाले

सहकारी सदस्यहरुको हित र वचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयोग रोक्न पालिकाले नियमानुसार कारबाही गरी बचत रकमको सुरक्षा तथा लगानिको दुरुपयोग हुन नदिन पहल गर्नु पर्दछ ।

१२ सहकारी अनुगमनः

सहकारी संस्थाको अनुगमनः पालिकामा संस्थागत रुपमा सहकारी शाखाको व्यवस्था भएको र ४३ मध्ये २२ सहकारी संस्थाको अनुगमन गरी कार्यालयमा स्रेस्ता ब्यबस्थापन प्रभावकारी भएको नदेखिएको, copomis प्रणालीमा मात्र करचुक्ता लिने प्रयोजनका लागि समस्टिगत विवरण मात्र भर्ने गरेको, ४/५ वटा सहाकारीमा बाहेक छुट्टै कर्मचारीको व्यवस्थापन गरेको नपाइएको जस्ता अनुगमन प्रतिवेदन दिएकोमा नियमावलीमा तोकिए बमोजिम सहकारी संस्थाहरुको नियमित सघन अनुगमन गरेको छैन । सहकारी सदस्यहरुको हित र वचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयेग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित र सघन अनुगमन गर्ने कार्यमा ध्यान दिनुपर्दछ ।

१३ शिक्षा तर्फः

१३.१ **शिक्षक विद्यार्थी अनुपात:** शिक्षा नियमावली, २०५९ अनुसार सामुदायिक विद्यालयमा विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र उपत्यका तथा तराई भेगमा ५०:१ रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१/०८२ शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

क्र स	विद्यालय नाम	शिक्षक संख्या	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
१	सूर्यज्योती मा . वि	२०	२९८	१:१५
२	शैलपुत्री मा . वि	१७	२५३	१:१५
३	जलकन्या मा . वि	१३	१७४	१:१३
४	माईकोट मा . वि	१२	१६५	१:१४
५	अन्तरज्योती मा . वि	११	१८१	१:१६
६	माझथर मा . वि	१६	३६७	१:२३
७	हिमालय मा . वि , सौरपानी	१९	३४६	१:१८
८	सिद्दार्थ मा . वि	१२	१९६	१:१६
८	दुर्गा मा . वि	११	३०९	१:२८
१०	हिमालय मा . वि , बारपाक	२०	३७४	१:१९
११	थलिबारी आ . वि	८	६५	१:०८
१२	ब्रम्हचारिणी आ . वि	६	२४	१:०४
१३	चन्द्रकला आ . वि	८	७५	१:०९
१४	स्तुल आ . वि	६	११०	१:१८
१५	भगवती आ . वि	६	१०७	१:१८
१६	कन्यादेवी आवि	७	१५६	१:२२
१७	बगेश्वरी आवि	७	३८	१:०५
१८	बालकौरी आवि	३	२९	१:१०
१९	बराह आवि	१	१३	१:१३
२०	बद्रीडाँडा आवि	२	४४	१:२२
२१	बाह्मुले आवि	२	२९	१:१५
२२	धर्मावती आवि	२	१९	१:१०
२३	ज्ञानज्योती आवि	१	१०	१:१०
२४	जलमुखी आ . वि	१	८	१:०८
२५	मुलदेवी आवि	३	३९	१:१३
२६	नारदपोखरी आवि	२	१६	१:०८
२७	नवज्योती आवि	१	९	१:०९
२८	सप्तकन्या आ वि	१	९	१:०९
२९	सौरपानी सामुदायिक स्मृति	४	८३	१:२१
३०	शिम्भु आवि	१	६	१:०६

३१	शिव आवि	३	३६	१:१२
३२	अकला आवि	२	३३	१:१७
३३	मण्डली आवि	४	४२	१:११
३४	थानी आवि	३	२०	१:०७
३५	उलाजुङ आवि	४	९३	१:२३
३६	भानु आवि	०	६	०
	जम्मा	२३९	३७८२	१:१६

उपरोक्त विवरण अनुसार यस पालिकामा विद्यार्थी शिक्षक अनुपात १:१६ रहेको छ अर्थात यस पालिकामा १ जना शिक्षकले १६ जना विद्यार्थीहरुलाई पठन पाठन गराउनु पर्ने देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अनुसूची १ को जिल्ला वर्गिकरणमा गोरखा जिल्ला पहाडी जिल्लाको सूचीमा रहेको छ । शिक्षा नियमावली, २०५९ ले तोके अनुसार पहाडी भेगमा सामुदायिक विद्यालयमा १ जना शिक्षकले ४५ जना विद्यार्थीलाई पठन पाठन गराउनुपर्ने गरी शिक्षकको दरबन्दी कायम हुनु पर्नेमा यस पालिकामा १ जना शिक्षकले औषतमा १६ जना विद्यार्थीलाई मात्र पठन पाठन गराएको देखियो जुन शिक्षा नियमावलीले तोकेको अनुपात भन्दा ज्यादै कम रहेको छ । पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षकको दरबन्दी मिलान गर्नु पर्दछ ।

१३.२ **प्रति विद्यार्थी लागतः** पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१/०८२ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

बजेट विवरण	बजेट रकम	खर्च रकम	विद्यार्थी संख्या	प्रति विद्यार्थी लागत
शिक्षा क्षेत्रको कुल बजेट	१८८९६५०००	१७६२४९८९२.७५	३७८२	४६६०३
जम्मा				

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.४६६०३/- रहेको छ । शिक्षक विद्यार्थी अनुपात कम रहेकोले प्रति विद्यार्थी लागत बढी रहेको देखियो । अतः पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षकको दरबन्दी मिलान गरेर प्रति विद्यार्थी लागत कम गर्न पहल गर्नुपर्दछ ।

१३.३ **सामुदायिक विद्यालयको दरबन्दी र पदपुर्तीः** आर्थिक वर्ष २०८१/०८२ मा पालिका भित्रका ३६ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाए बमोजिम रहेको छ ।

विद्यालयको किसिम	दरबन्दी संख्या	स्थायी पदपूर्ती	पदपूर्ती मध्ये राहत / करार	रिक्त दरबन्दी
सामुदायिक	२३९	१७१	६८	०

उक्त विवरण अनुसार पालिकामा जम्मा २३९ शिक्षक दरबन्दी रहेकोमा १७१ जना स्थायी पदपूर्ती र ६८ जना अस्थायी/राहत/करारमा नियुक्त गरी जम्मा २३९ पदपूर्ती गरेको देखिन्छ । पालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ती गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१४ कृषि पशु सेवामा अनुदानः

१४.१ **कृषि तथा पशुमा अनुदान:** कृषिसँग सम्बन्धित सहकारी तथा संघ संस्थाहरुलाई कृषि विकासका लागी प्रदान गरिने अनुदान कार्यक्रम कार्यान्वियन निर्देशिका, २०७३ को बुँदा नम्बर ७ मा अनुदान दिने सार्बजनिक निकायको जिम्मेबारी सम्बन्धी ब्यबस्था गरेको छ । निर्देशिकाको बुँदा नम्बर ७.२ मा अनुदानको कार्यान्वियन गर्न गराउन नियमित रुपमा सुपरीबेक्षण, अनुगमन तथा गुणस्तर नियन्त्रण गरी वा गराई निर्धारित समयमा कार्य सम्पन्न हुने सुनिश्चितता गर्नु सम्बन्धित सार्बजनिक निकायको प्रमुखको कर्तब्य हुने उल्लेख छ । पालिकाले उपलब्ध गराएको सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं

अनुगमन हुनुपर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी पूँजी निर्माण गर्ने उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्बन्धमा प्रतिवेदन वनाउनुपर्दछ । यस वर्ष कृषि तथा पशु कार्यक्रम अन्तर्गत संचालित केही कार्यक्रमहरु देहाय अनुसार छन ।

क्र. स .	कार्यक्रमको नाम	लाभग्राही संख्या जना लाभग्राही संख्या जना	अनुदान रकम (रु)	कैफियत
१	साना सिचाई कार्यक्रम	२४	८०५०००	१५ प्रतिशत लागत साझेदारी
२	फलफुल खेति प्रवर्धन कार्यक्रम (टि बार निर्माण)	८	३५८८७	५० प्रतिशत लागत साझेदारी
३	रैथाने बाली प्रवर्थन कार्यक्रम (कम्बाइन मिल वितरण)	१०	२४६५००	५० प्रतिशत लागत साझेदारी
४	प्लाष्टिक मल्चिङ वितरण	११	४०००००	२० प्रतिशत लागत साझेदारी
५	बाख्रा स्रोत केन्द्र (खोर निर्माण)	८	१४५६७९	५० प्रतिशत लागत साझेदारी
६	बाख्रा स्रोत केन्द्र (ब्याड बोका)	११	२१८४००	५० प्रतिशत लागत साझेदारी
७	हाते ट्याक्टर वितरण	२०	५०००००	५० प्रतिशत लागत साझेदारी

पालिकाले अनुदान वितरण पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदानबाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकाबाट साना- साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत बृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्छ । साथै अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन समेत लिनुपर्दछ । कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेर मात्र अनुदान दिने नीति तय गरेको देखिएन । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ ।साथै कृषि तथा पशु सम्बन्धी केही कार्यक्रमहरु विना लागत सहभागीतामा सञ्चालन भएका छन् सवै कार्यक्रममा अनिवार्य लागत सहभागिता गराइ कृषकको स्वामित्व कायम गराई अनुदानको प्रभावकारी उपयोगमा पालिकाले ध्यान दिनुपर्दछ ।

१४.२ **अनुदान व्यवस्थापनः** पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ ।

क्र स	अनुदानको क्षेत्र	कार्यक्रम संख्या	अनुदान रकम
१	कृषि तर्फ	५	२३०२३८७
२	पशु तर्फ	२	३६४०७१
	जम्मा	७	२६६६४५८

उपरोक्त विवरण अनुसार यस पालिकाले यो वर्ष कृषि पशु लगायतका क्षेत्रमा रु. २६६६४५८/- अनुदान वितरण गरेको छ । अनुदान वितरण पश्चात अनुगमन प्रभावकारी रुपमा गरी उपलब्धी मापन गरेको नदेखिएकोले अनुदानको सदुपयोग भएकोमा सम्बन्धमा आस्वस्त हुन सकिएन । अतः अनुदान वितरणसंगै अनुगमन संयन्त्र बलियो बनाई अनुदानको अपेक्षित रुपमा सदुपयोग भए नभएको एकिन गर्नु पर्दछ ।

१४.३ **विगत वर्ष दिएको अनुदानको उपयोगः** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु.२६५००००/- अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी साथै अनुदान रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

क्र स	अनुदान दिएको आर्थिक वर्ष	अनुदानको क्षेत्र	कार्यक्रम संख्या	कार्यक्रमको नाम	अनुदान रकम	अनुदान उपयोगको अवस्था
१	०७९/ ०८० देखि ०८० / ०८१ सम्म	कृषि तथा पशुपालन	२७	गाउँपालिका अध्यक्ष गरिबि निवारण कार्यक्रम	२६५००००	बेरोजगार युवाहरुले कृषि तथा पशुपालन गरि स्वरोजगार बनेका

१५ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका ८ वटा वडामा २१ योजना सञ्चालन गरी यस वर्ष १०० जनालाई औसत ७७ दिनले ७७०१ दिन रोजगारी उपलव्ध गराई रु.५१६९९०४/- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

१६ **कन्टिन्जेन्सी खर्चः**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन । योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ । महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा वर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा वर्गीकरण अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार, स्टेशनरी छपाई, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता जस्ता कार्यमा समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ । जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिदैन् । कन्टेन्जेन्सी रकमको सीमा सबै निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था गरेको छ । वर्क चार्ट स्टाफ खर्च र र सानातिना अन्य खर्चका प्रकृतिका आधारमा निश्चित रकमको लागत अनुमान तयार गर्दा मात्र उक्त प्रतिशत कायम गरी बढी मुल्यको लागत अनुमान तयार गर्दा यस्तो प्रतिशतमा पुनरावलोकन गर्नु पर्दछ । कन्टिन्जेन्सी रकमवाट, विविध, कार्यालय मालसामान, इन्धन लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको एकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ ।

१७ **धरौटी खाताः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली,२०७७ को नियम ६४ ले प्राप्त धरौटी रकमको गोश्वारा भौचर उठाई आम्दानी बाँध्नुपर्ने र आर्थिक वर्षको अन्त्यमा मौज्दात रहेको धरौटी रकमको नाम नामेसी विवरण उल्लेख गरी व्यक्तिगत धरौटी खाता राख्नुपर्ने व्यवस्था गरेको छ। गाउँपालिकामा व्यक्तिगत धरौटी खाता नराखेको हुँदा धरौटी रकम रु. १७२११००९/- विगतमा कहिले देखि कुन ब्यक्ति वा संस्थाको नाममा धरौटी रकम के बापत राखेको हो एकिन गर्न सकिएन। उक्त नियमावलीमा भएको व्यबस्थालाई कार्यान्वयनमा ल्याई पालिकाले तोकिएका विवरण र खाताहरू राख्नुपर्दछ।

१८ **नगद भुक्तानी:**

आर्थिक वर्ष २०७४/०७५ को बजेट वक्तव्यको नं. १८३ मा राज्यकोषबाट हुने तलव, भत्ता लगायतका सबै भुक्तानी सम्वन्धित व्यक्ति तथा संस्थाको बैंक खाता मार्फत हुने व्यवस्था गरिएको, अर्थ मन्त्रालयको प.सं. २०७४।०७५ मार्गदर्शन च.नं. १०९६ मिति २०७४।०२।१६ को पत्रको प्रकरण ४४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अनिवार्य रुपमा बैंक खाता खोल्ने व्यवस्था मिलाई सो वापतको रकम बैंक खातामा जम्मा गरी भुक्तानी दिन निर्दिष्ट गरिएको तथा श्रमिकले पाउने पारिश्रमिक रोजगारदाता कम्पनीले अनिर्वाय बैंक खाताबाट भुक्तानी गर्नुपर्ने उल्लेख छ । नेपाल सरकार, प्रदेश तथा स्थानीय तह, विश्वविद्यालय, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थान, समिति, परियोजना, प्रतिष्ठान र मातहतका निकायमा काम गर्ने सबै श्रमिक तथा कर्मचारीको पारिश्रमिक एवं वित्तीय सुविधा २०७५ श्रावण १ बाट बैंकिङ्ग च्यानल बाट भुक्तानी गर्नु पर्ने ब्यवस्था भएकोमा पालिकाले उपभोक्ता समिति मार्फत भएको कामको भुक्तानी दिंदा दैनिक ज्यालादारी रकम एकमुष्ट रु. १७३०६६०/- भुक्तानी गर्दा समेत बैंकिक खाता मार्फत भुक्तानी गरेको देखिएन । उपभोक्ता समितिले बैकिङ प्रणाली मार्फत कारोवार गर्ने र नगद भुक्तानी नगर्ने अवस्था पालिकाले सृजना गर्नु पर्दछ । केही उदाहरण निम्नानुसार छन् ।

गौ भौ नं / मिति	योजनाको नाम	बुक्तानी लिनेको नाम	पारिश्रमिक भुक्तानी
११९- ०८१ - १२ - ३१	कोटडाँडा प्याराफिट निर्माण उ स	धन बहादुर गुरुङ समेत ३० जना	२०९०९६
१७३- ०८२ - २ - १८	गैरीछाप लामिछाने टोल गोरेटो टोल वडा नं ८	चन्द्र ब बराम समेत १३ जना	११५७८०
१८७- ०८२ - ०२ - २२	खुम्चे गुम्बा निर्माण उ स वडा नं १	निमा तमाङ समेत ६३ जना	१७३०६६०
२१३- ०८२ - ०३ - ०९	लामगरा सामुदायिक भवन उ स	सुनिल बि क समेत १२ जना	१२६९००

१९ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः कार्यालयले स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२० **हेभी इक्विपमेण्टको प्रयोगः**

उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा सार्वजनिक खरिद कानूनले तोकेको प्रक्रिया पूरा गरे नगरेको परीक्षण गर्नु पर्ने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा सडक स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता

समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । अत : उक्त नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।

२१ **स्वास्थ्य व्यवस्थाः**

२१.१ **दरबन्दी तथा पदपुर्तिः** पालिकामा आर्थिक वर्ष २०८१/०८२मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाए बमोजिम रहेको छ ।

स्वास्थ्य संस्थाको किसिम	स्वास्थ्य संस्थाको संख्या	दरबन्दी	पदपूर्ती	सेवाग्राहीको संख्या	औषधी वितरण रु
स्वास्थ्य केन्द्र / चौकी	८	५९	५९	१४२७९	१३४३३००

उक्त विवरण अनुसार पालिकामा जम्मा ८ स्वास्थ्य केन्द्र/चौकीमा कुल ५९ दरबन्दी रहेकोमा हाल ३० पद स्थायी र २९ पद करारमा कार्यरत रहेको देखियो । दरबन्दी अनुसार पदपुर्ती गरी सेवा प्रवाह चुस्त राख्नु पर्दछ ।

२१.२ **औषधि खरिदः** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिमेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि तयस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले रु. २३११०००/- औषधी खरिद गरेकोमा निम्न ब्यहोरा देखियो ।

• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. GMP सर्टीफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन (निशुल्क वितरण) भनि खुलाएको प्रमाण समावेश नभएको।

• आपूर्ति भएका औषधी एबं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।

• तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार प्रदेश स्वास्थ आपुर्ती ब्यवस्थापन केन्द्र तथा स्वास्थ सेवा बिभागवाट आपुर्ती गरिएका औषधी मुल्य नखुलाई आपुर्ती गरिएको साथै म्याद भुक्तानी समय कम रहेका औषधी आपुर्ती गरिएको र मागको आधारमा आपुर्ती नगरीएको कारण औषधिको म्याद गएको भन्ने पालिकाको भनाई रहेकोले मौज्दातको अवस्था हेरेर मात्र औषधी आपुर्ती गर्नुपर्ने देखियो ।

२२ **प्रगति विवरण नभएकोः**

२२.१ **प्रगति विवरण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्बन्धी व्यवस्था छ । पालिकाले यस वर्ष उपभोक्ता समितिवाट सञ्चालित १९४ योजनाहरू र निर्माण ब्यवसायी मार्फत निर्माणाधिन ५ तथा सम्पन्न २१ समेत कुल २२० योजना सञ्चालन गरेको देखियो । पालिकाले सञ्चालित योजनाहरूको प्रगति विवरण पेस हुन आएन । सञ्चालित योजनाहरूको कार्यसम्पन्न अवस्था, वित्तीय एवं भौतिक प्रगति स्थिति समेतको क्रियाकलापगत र रकमगत परिमाण खुल्ने गरी एकीकृत रुपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सो को विश्लेषण गर्न सकिएन । अतः स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन र सञ्चालित कार्यको प्रगति विवरण तयार हुनुपर्दछ ।

२२.२ **कार्य योजना-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/ कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी

तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्वार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीको पालना गर्नु पर्दछ ।

२२.३ वार्षिक प्रतिवेदन- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । पालिकाले ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ

२३ **पाधिकारी सुविधाः**

नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार पालिकाले यस आर्थिक बर्षमा पदाधिकारी सुविधा शीर्षकमा रु.७७५२१९९/- खर्च गरेको देखिन्छ ।पदाधिकारी सुविधामा भएको खर्च आन्तरिक आय रकम रु. १९२८१७०३/- को ४०.२१ प्रतिशत हो । पालिकाको आन्तरिक आयको अबस्था हेर्दा पालिकाको आन्तरिक आय पदाधिकारी सुविधामा मात्रै ४०.२१ प्रतिशत खर्च भएको देखिन्छ । अतः पालिकाले आन्तरिक आय बृद्धि गर्ने तर्फ प्रयत्न गर्नुपर्ने देखिन्छ ।

२४ **आर्थिक सहायता, अन्य विविध खर्च र अनुदानः**

२४.१ **विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. १४६९७६९।- खर्च गरेको छ । कार्यालयले उपलब्ध बजेटलाई कार्यक्रम बनाई उपलब्धीमुलक क्षेत्रमा खर्च गरेर यस्ता प्रकृतिका खर्चमा न्यूनीकरण गर्नुपर्दछ ।

२४.२ **आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष विभिन्न ४० जनालाई सहयोग गरी रु. ५९८०००।- आर्थिक सहायता वितरण गरेका छन् ।कुनै कार्यविधि बेगर आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । पालिकाले विभिन्न व्यक्ति तथा निकायहरुलाई गर्ने सहयोग शिर्षकमा आर्थिक सहयाता वितरण गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।

२४.३ **अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ।नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ ।कार्यालय र वडा तथा स्वास्थ्य संस्थामा समेत यस वर्ष विषयगत शीर्षक तथा कन्टिन्जेन्सी वाहेक चालु खर्च शिर्षकवाट रु.९८६८५३/- खर्च लेखेको छ । तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ, भन्ने आधार रहेन । पालिकाले नियमावलीमा भएको व्यवस्थाको पालना गरेर मात्र अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्च गर्नुपर्ने देखिन्छ।

२५ **राजश्व तथा अन्यः**

२५.१ **कर तथा शुल्क असुलीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

क्र. सं	आम्दानी शीर्षक	अनुमान	आम्दानी	आम्दानी प्रतिशत
१	भूमी कर	१०३००००	१३०८४८६.२६	१२७.०३
२	वहाल कर	७४५०००	३७१०८७.३९	४९.८१
३	वहाल विटौरी कर	१०३००००	०	०
४	दण्ड जरिवाना	५०००००	१९४४५०	३८.८९
५	अन्य प्रशासनिक सेवा शुल्क	३३७८०००	८६५१०४८.२६	२५६.०९
६	नक्सापास दस्तुर	१०००००	०	०
७	सिफारिश दस्तुर	१२३९०००	१२०८२००	९७.५१
८	व्यक्तिगत घटना दर्ता दस्तुर	२१००००	०	०
९	नाता प्रमाणित दस्तुर	२०००००	०	०
१०	अन्य दस्तुर	८९८०००	६५२७७४२.८	७२६.९२
११	बेरुजु असुल	१००००००	१६१३०६.२५	१६.१३
१२	अन्य राजस्व	१५२ ०००	६७३१४८.६९	४४२.८६
१३	व्यवसाय कर	५०० ०००	१९४४५०	३८.८९
	जम्मा	२५४०००००	१९२८१७०३.६५	७५.९१

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं करदाता कर बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

२५.२ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
५०,०९,८२,०००/-	१,९२,८१,७०३.६५/-	३.८४

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.८४प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२६ चालु तथा प्रशासनिक खर्च तर्फः

२६.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५६दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ५० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, लेखा अधिकृत सहित ६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

क. स .	स्वीकृत पद	संख्या	पदपूर्ती			पदपूर्ती बाँकी
			स्थायी	करार	ज्यालादारी	
१	अधिकृत स्तर	८	७			१
२	सहायक स्तर	३१	२५	१		५
४	श्रेणी विहिन	१७	१	१६		
जम्मा		५६	३३	१७		

२६.२ **तलवी प्रतिवेदनः** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ५९ कर्मचारीको रु. २,६७,४६,०१५/४ र पालिकाका १०७ कर्मचारीको रु.३३९६५७८९/- समेत रु. रु.६,०७,११,८०४/-खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२६.३ **कर्मचारी प्रोत्साहन भत्ताः** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(४) अनुसार कर्मचारीलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट व्यर्होने गरी आवश्यक व्यवस्था गर्न सक्ने उल्लेख छ । पालिकाले कार्यरत कर्मचारीलाई यस वर्ष रु. ८५५६७१/- प्रोत्साहन भत्ता भुक्तानी गरेको छ, जुन आन्तरिक आय रु. १९२८१७०३/६५ को ४.४३ प्रतिशत हो पालिकाले आन्तरिक श्रोतबाट प्रोत्साहन खर्च भुक्तानी गरेतापनि आन्तरिक आय गत विगतको तुलनामा बृद्धी गर्न सकेको देखिएन ।अतः आन्तरिक आय बृद्धिको आधारमा प्रोत्साहन भत्ता वितरण गर्नु पर्दछ ।

२७ **कर तथा शुल्क असुलीः**

२७.१ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१/०८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ

क.स	क्षेत्र	बजेट (रु. हजारमा)	खर्च (रु. हजारमा)	कुल खर्च मध्ये प्रतिशत
१	आर्थिक विकास	५१८४५	४३१०६	७.६६
२	सामाजिक विकास	२९४१९५	२७१४०९	४८.२२
३	पूर्वाधार विकास	१०६२६५	९६२७०	१७.१
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२६७३९	१६९७५	३.०२
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१६०८९३	१३५११४	२४.
	जम्मा	६३९९३७	५६२८७४	

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४८.२२ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटी ७.६६ प्रतिशत रहेको छ । अत: पालिकाले प्रत्येक क्षेत्रमा समानुपातिक ढंगले खर्च गर्न पहल गर्नुपर्ने देखिन्छ ।

२७.२ **कर संकलनः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
आन्तरिक आय	२५४०००००	१९२८१७०३ .६५	७५.९१

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा ७३.८० प्रतिशत मात्र आन्तरिक आय संकलन गरेको देखिन्छ ।अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

२७.३ **कर दायित्व-** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं. २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. २८८००/- देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु...

असुल गर्नुपर्ने	२८,८००

२८ **चनौटे - तामलाबोट - पाल्खु सडक खण्डको स्तरोन्नतीः**

ठेक्का नं BSRM/GO/ROAD/NCB/081/082/01 चनौटे - तामलाबोट - पाल्खु सडक खण्डको स्तरोन्नती निर्माण कार्य मिति २०८१-०८-१६ मा निर्माण व्यवसायी पन्द्रुङ कन्सट्रक्सन एण्ड सप्लायर्स जे भी सँग सुरु सम्झौता रु. ६८१४७४४.३६ मा गरिएकोमा भेरियसन मिति २०८१-१२-२५ पश्चात सम्झौता रकम २४.४७ प्रतिशतले बृद्धि भै रु. ८४६६६५९.६१ कायम भएकोमा सम्झौताको आइटम नं ३.२ मा प्रति घन मिटर रु. ५९००/- मा सम्झौता भएकोमा परिमाण १९६ प्रतिशत बृद्धी हुँदा समेत सुरु संझौता बमोजिमकै दरले ५०२.०२ घन मिटरको रु. २९६१९१८/- भुक्तानी गरेको देखियो ।यस्तो भुक्तानी गर्दा सालवसाली योजना भए पनि निर्माण व्यवसायीसँग नेगोसिएसन गरी मुल्य कायम गर्नु पर्दछ ।

२९ **खार्चोक भञ्ज्याङ माझथर सडक स्तरोन्नतीः**

कार्यालयले ठेक्का नं BSRM/GO/ROAD/NCB/081-082/02 खार्चोक भञ्ज्याङ माझथर सडक स्तरोन्नती को लागि निर्माण व्यवसायी एम/एस सि एण्ड सि निर्माण सेवा बारपाक सुलिकोट संग मिति २०८१ मंसिर १९ मा रु. ७०९८२१४.०४ सम्झौता गरेको ठेक्कामा शुरु लागत अनुमान रु. ९८११४३५.८२ (मु अ कर र पिएस समेत) भएको ठेक्कामा सुरु लागत अनुमानको २७.८२ प्रतिशत घटि रु. ७०९८२१४.०४ (मु अ कर र पिएस समेत) मा कबोल गर्ने सारभुत रुपमा प्रभावग्राही निर्माण ब्यवसायी छनौट गरेको देखियो । कार्यालयले लागत अनुमान तयार गर्दा नर्म्स अनुसार आईटम नं ७ म्यानुअल आधारमा गर्दा रु. १३५३८७५.०४ को तयार गरि ठेक्का आव्हान गरेको देखियो । नर्म्स अनुसार मेशिनरी प्रयोग गरी लागत अनुमान तयार गर्दा रु. १२२८५२७.९४ लागत अनुमान तयार हुने देखिन्छ । अन्तिम बिलमा संलग्न तस्विर समेत मेशीन प्रयोग भएको देखिएकोले यसमा सुधार गर्नु पर्दछ । लागत अनुमान तयार गर्दा यथार्थ परक रुपमा तयार गर्नु पर्दछ ।

३० **घुन्चोकटार - भुवाने - सौरपानी सडक स्तरोन्नतिः**

ठेक्का नं BSRM/GORKHA/NCB/WORKS-09/080/081 को निर्माण ठेक्का घुन्चोकटार - भुवाने - सौरपानी सडक स्तरोन्नति मा निर्माण व्यवसायी हरित्तारा निर्माण व्यवसायीले मिति २०८१ बैशाख १४ मा रु. ६८७८६७४८.४३ (मु.अ.कर र पि.एस. समेत)को निर्माण कार्य मिति २०८२ असोज १४ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको ठेक्कामा लेखापरीक्षण अवधिसम्म सुरु सम्झौताको ८० प्रतिशत समय ब्यतित हुँदा कार्य प्रगती ३६.५२ मात्र प्रगति देखिएकोले तोकिय अनुसारको निर्माण कार्य सम्पन्न गर्न कार्य तालिका अनुसार प्रगति बढाउनु पर्ने देखियो ।

३१ **राङरुङ-पोखरी-रञ्चोक सडक स्तरोन्नतीः**

ठेक्का नं BSRM/GORKHA/NCB/WORKS-01/080/081 आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९ (१०) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । राङरुङ - पोखरी - रञ्चोक सडक स्तरोन्नति कार्यको लागि सारभुत रुपमा प्रभावकारी निर्माण व्यवसायी स्वयम्भु- कन्सट्रक्सन प्रा लि लाई कुल अन्तिम बिल सम्ममा रु. ७०१७४०३.१९ भुक्तानी गरेकोमा बिमा बापत रु.७५०००/- भुक्तानी गर्दा बिमा पोलिसीमा कुनै

मेशिनरी सामाग्री हराएमा वा बिग्रिएमा एक पटक मात्र भुक्तानी गरिने छ भन्ने सर्त सहित रहेको साथै सक्कल पोलिसी बेगर भूक्तानी भएको अनियमित देखिएको रु.

अनियमित भएको	७५,०००

३२ **ट्रान्सफर प्रमाणः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,६५९,३९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३३ **१५ शैय्या आधारभुत अस्पताल हुँडीफाँटः**

ठेक्का नं BSRM/GORKHA/NCB/WORKS-15/077/078 को १५ शैया आधारभुत अस्पताल हुँडीफाँट निर्माण कार्यको लागि मिति २०७८-०३-१८ मा निर्माण व्यवसायी ओम वुद्ध बुद्ध नव कान्तिपुर जे. भी. सँग रु. १३६१६९५५९.३६ (मु.अ.कर र पि.एस. समेत) मा कार्य सम्पन्न गर्ने गरि मिति २०७९-०९-१७ सम्म सम्पन्न गर्ने गरि सुरु सम्झौता गरिएको निर्माण ठेक्कामा तेस्रो पटक म्याद थप गरी अन्तिम मिति २०८२-०९-३० सम्मको अर्थात २०० प्रतिशत म्याद थप दिएको ठेक्कामा ७७ प्रतिशत मात्र प्रगति देखियो तोकिएको समयमा कार्य सम्पन्न गर्न कार्य तालिका अनुसार कार्य प्रगति बढाउनु पर्ने देखियो ।

३४ **बिमामा शर्तः**

(BSRM/GO/BUILDING/NCB/081/082) पालिकाले शित भण्डार रु.२९,७०,१००/- (मु.अ.कर र पि.एस. समेत) मा गणेश निर्माण सेवा संग सम्झौता निर्माणसेवा संग सम्झौता गरि निर्माण सम्पन्न गरेकोमा निम्न व्यहोरा देखियो ।

क) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ को उपनियम ४ बमोजिम मालसामान खरिदमा सि.आई.पी. (क्यारिज एण्ड इन्सोरेन्स पेड टु) ८ सच्याउने दायित्वको मूल्यको कम्तीमा ११० प्रतिशत रकम बराबरको गोदामदेखि गोदामसम्म युद्ध, हडताल र आगजनी समेतको सबै जोखिम व्यहोर्ने गरी बीमा गराउनु पर्नेछ भन्ने ब्यवस्था भएकोमा कार्यालयले सर्त सहितको बिमा नेको ईन्सुरेन्स लि. पोलिसी नं -PKR-ENG-CARF-00053-81-82 को कागजातमा सर्त (Limit of Identity in Respect of each and every loss or damage and /or series of losses or damage arising out of any one event) राखिएको अवस्थामा रकम रु. २६७८५/- भुक्तानी भएको नियमसंगत देखिएन २६७८५/-

ख) कार्यालयले कुनै पनि भौतिक निर्माण गर्दा पालिकाको नाममा वा सम्बन्धित संस्थाको नाममा जग्गा धनी पुर्जा प्राप्ती पश्चात मात्र निर्माण कार्य गर्नुपर्नेमा संघिय कार्यालय अन्तर्गतको जग्गामा निर्माण भएको देखियो ।

अनियमित भएको	२६,७८५

३५ **सोझै खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु.१० लाखदेखि रु.२० सम्मको लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्न सकिने व्यवस्था छ त्यस्तै १० लाख रुपैया सम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान, पाँच लाख रुपैया सम्मको लागत अनुमान भएको परामर्श सेवा वा अन्य सेवा र कम्पनीको आधिकारिक मर्मत वा सर्भिस सेण्टरबाट गरिने सवारी साधन मेशिनरी औजारको पाँच लाख रुपैया सम्मको मर्मत सम्भार सोझै खरिद गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले देहायको आपूर्तकबाट यो वर्ष खेलकुद सामाग्री, मसलन्द कार्यालय सामाग्री लगयतका खरिद कार्य बोलपत्र आह्वान नगरी सोझै खरिद गरी रू. १०८४०६७ भुक्तानी गरेको देखियो । नियमानुसार बोल पत्र आह्वान गरी प्रतिस्प्रधात्मक रुपमा खरिद कार्य नगरी सोझै गरेको खरिद कार्य नियमसम्मत नदेखिएको रु.,

गो. भौ.नं. / मिति	सेवा प्रदायक	कामको विवरण	भुक्तानी रकम रु.
१२९।२०८१।७।१०	रियान्सी ट्रेडर्स प्रा. लि .	खेलकुद सामाग्री खरिद	३९८८९०
३०९।२०८१।९।१७	रियान्सी ट्रेडर्स प्रा. लि .	खेलकुद सामाग्री खरिद	२७००१२
३१०।२०८१।९।१७	रियान्सी ट्रेडर्स प्रा. लि .	मसलन्द कार्यालय सामाग्री	७६३८८
९१९।२०८२।३।५	रियान्सी ट्रेडर्स प्रा. लि .	मसलन्द कार्यालय सामाग्री	२९३७७७
११५०।२०८२।३।२५	रियान्सी ट्रेडर्स प्रा. लि .	मसलन्द कार्यालय सामाग्री	४५०००
जम्मा			१०८४०६७

अनियमित भएको	१०,८४,०६७

३६ **सवारी साधन मर्मतः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने एवं नियमावली, २०६४ को नियम ८४ मा रु.१० लाखदेखि रु.२० सम्मको लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ त्यस्तै नियम ८५ मा १० लाख रुपैया सम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान, पाँच लाख रुपैया सम्मको लागत अनुमान भएको परामर्श सेवा वा अन्य सेवा र कम्पनीको आधिकारिक मर्मत वा सर्भिस सेण्टरबाट गरिने सवारी साधन मेशिनरी औजारको पाँच लाख रुपैया सम्मको मर्मत सम्भार सोझै खरिद गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले निम्नानुसारका आपूर्तकबाट यो वर्ष सवारी साधन मर्मत गर्दा एकै आपुर्तकबाट वार्षिक पाँच लाख रुपैया भन्दा बढीको सवारी साधन मर्मत गर्दा खरिद कार्य बोलपत्र आह्वान नगरी सोझै खरिद गरी रू.३०३२७८१ भुक्तानी गरेको देखियो । नियमानुसार बोल पत्र आह्वान गरी प्रतिस्पर्धात्मक रुपमा खरिद कार्य गर्न पालिकाले ध्यान दिनु पर्दछ ।

गो. भौ.नं. / मिति	सेवा प्रदायक	कामको विवरण	भुक्तानी रकम रु.
१५९।०८१।८।९	आई. ए . मई . अटोमोटिभ्स प्रा . लि .	सवारी साधन मर्मत	७९४८१९
२५३।०८१।८।२८	आई. ए . मई . अटोमोटिभ्स प्रा . लि .	सवारी साधन मर्मत	१२२६३८
३९३।०८१।१०।९	आई. ए . मई . अटोमोटिभ्स प्रा . लि .	सवारी साधन मर्मत	१७६५५३
४९५।०८१।११।९	आई. ए . मई . अटोमोटिभ्स प्रा . लि .	सवारी साधन मर्मत	१४३०७
४९५।०८१।११।९	आई. ए . मई . अटोमोटिभ्स प्रा . लि .	सवारी साधन मर्मत	३०९१८
८१३।०८२।२।१८	आई. ए . मई . अटोमोटिभ्स प्रा . लि .	सवारी साधन मर्मत	२११०३९
५१।०८१।६।१७	कालिका इन्जिनियरिङ्ग अटो मोबाइल सप्लायर्स प्रा. लि .	सवारी साधन मर्मत	११८०५६
२५२।०८१।८।२८	कालिका इन्जिनियरिङ्ग अटो मोबाइल सप्लायर्स प्रा. लि .	सवारी साधन मर्मत	१७०७८५
३९३।०८१।१०।९	कालिका इन्जिनियरिङ्ग अटो मोबाइल सप्लायर्स प्रा. लि .	सवारी साधन मर्मत	९९९३७
५२२।०८१।११।२७	कालिका इन्जिनियरिङ्ग अटो मोबाइल सप्लायर्स प्रा. लि .	सवारी साधन मर्मत	९८५०७
७३३।०८२।१।२३	कालिका इन्जिनियरिङ्ग अटो मोबाइल सप्लायर्स प्रा. लि .	सवारी साधन मर्मत	६८४६१
८१३।०८२।२।१८	कालिका इन्जिनियरिङ्ग अटो मोबाइल सप्लायर्स प्रा. लि .	सवारी साधन मर्मत	९३९४०
४९५।०८१।११।९	फोर हुइलर्स सर्भिसिङ सेण्टर	सवारी साधन मर्मत	१३४१४२
४४७।०८१।१०।२९	फोर हुइलर्स सर्भिसिङ सेण्टर	सवारी साधन मर्मत	४८०८१
४००।०८१।१०।१०	फोर हुइलर्स सर्भिसिङ सेण्टर	सवारी साधन मर्मत	१६६८४४
७३३।०८२।१।२३	फोर हुइलर्स सर्भिसिङ सेण्टर	सवारी साधन मर्मत	१६६८४४
२५२।०८१।८।२८	गोरखा ट्रेड हाउस	सवारी साधन मर्मत	३५००००
३८७।०८१।१०।८	गोरखा ट्रेड हाउस	सवारी साधन मर्मत	७७०००
८१३।०८२।२।२	गोरखा ट्रेड हाउस	सवारी साधन मर्मत	९००००
जम्मा			३०३२७८१

३७ **सवारी साधन भाडाः**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । गाउँपालिकाले अन्य भाडा शीर्षकमा रु. ५३१४५०/- भुक्तानी गरेकोमा सवारी साधन कुन ठाउँबाट कुन ठाउसम्म सवारी चलाएको कति किलोमिटर सवारी साधन चलेको सो खुल्ने सवारी लगबुक नभएको, के कुन समाग्री ढुवानी भएको सो सम्बन्धी स्पष्ट विवरण संलग्न बेगर बिभिन्न समयमा योजना अनुगमन गरेको भनी गाडी भाडा भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

३८ **चाडपर्व खर्चः** (३२४-2082-02-22):

गण्डकी प्रदेश स्थानिय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ७७(३) व्यवस्था भए अनुसार नियुक्ति हुने कर्मचारीहरुबाट निजहरुले मानी आएको धर्म अनुसारको मुख्य चाडपर्व पर्ने सम्भावित महिनाको लिखित जानकारी लिई चाडपर्व खर्च भुक्तानी गर्ने र कार्यालयको कर्मचारीको चाडपर्व खर्च भुक्तानी सम्बन्धी अभिलेख अद्यावधिक राख्नुपर्ने व्यवस्था छ । देहाय बमोजिमका कर्मचारीलाई २०८२ साल जेठ महिनामा चाडपर्व खर्च भुक्तानी गरेकोमा निजहरुको मुख्य चाडपर्व खुलाएको देखिएन । एक पटक

चाडपर्व खर्च निष्चित गरी चाडपर्व खर्च भुक्तानी लिए पछि प्रत्येक आर्थिक वर्षमा सोही चाडपर्व पर्ने महिनामा सो खर्च भुक्तानी लिनुपर्ने नियम बमोजिम निजहरुलाई सोही मितिमा मात्र चाडपर्व खर्च भुक्तानी गर्नुपर्दछ । निजहरुलाई आफ्नो मुख्य चाडपर्व खुलाई सोही मितिमा चाडपर्व खर्च खुवाएको प्रमाण पेश गर्नुपर्ने रु.

क्र. स .	कर्मचारी को पद नाम	भुक्तानी रकम रु.
१	सहायक चौथो श्री सूवास प्रसाद शाह	३२९०२.
२	सहायक चौथो श्री राजेश मुखिया	३२९०२.
३	सहायक चौथो श्री देवराज मण्डल	३२९०२.
४	सहायक चौथो श्री रन्जन कुमार कानू	३२९०२.
५	सहायक चौथो श्री धिरज कुमार यादव	३२९०२.
६	सहायक चौथो श्री सन्ध्या आले मगर	३२९०२.
जम्मा		१९७४१२.

प्रमाण पेश नगरेको	१,९७,४१२

३९ **तलव भत्ता बढी भुक्तानीः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **१७,५८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,००६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४० **नाफा मुलक संस्थालाई आर्थिक सहयोगः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानियस्तरको विकासका लागि आवधिक, वार्षिक, राणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना वनाई लागू गर्नुपर्ने उल्लेख छ । दफा ७६ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालिन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलव्ध गराउन मिल्दैन । सहकारी संस्थाको स्वामित्वमा रहेको सम्पत्तिको मूल्य वृद्धि हुने र नाफामूलक संस्थामा खर्च गर्ने सम्बन्धमा पालिकाले नियन्त्रण गर्नु पर्दछ । यस पालिकाले यो वर्ष निम्नानुसारका नाफामुलक सहकारी संस्थालाई रु. १२८६४० को विभन्न सामाग्री खरिद गरि वितरण गरेको देखियो । नियम विपरित नाफामुलक संस्थालाई सामाग्री खरिदमा खर्च लेखी भुक्तानी दिने कार्य नियम सम्मत नदेखिएको रु.

गो. भौ . नं. / मिति	कामको विवरण	संस्थाको नाम	खर्च रकम
१०९८।०८२।३।२३	कृषि व्यस्थापन सहकारी आन्तरिक व्यवस्थापन	ताकुकोट महिला सहकारी कृषि सहकारी संस्था लिमिटेड	५००००
१०७८।०८२।३।२२	सहकारी आन्तरिक व्यवस्थापन	बारपाक महिला बहुउद्धेश्य सहकारी संस्था लिमिटेड	७८६४०
जम्मा			१२८६४०

अनियमित भएको	१,२८,६४०

४१ **फरक शीर्षकमा गरेको खर्चः**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा १९मा स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्नुपर्ने उल्लेख छ त्यस्तै दफा २० मा कुनै बजेट शीर्षकममा बजेट अपुग भएमा विनियोजन ऐनको सिमा भित्र रही रकमान्तर गरी खर्च गर्न सक्ने व्यवस्था छ ।लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा पालिकाले देहायबमोजिमको शीर्षकमा विनियोजन गरेको बजेटको रकमान्तर स्वीकृत नगरी अन्य शीर्षकमा रु. १३६७६८ खर्च गरेको देखियो । नियमानुसार बजेट रकमान्तर स्वीकृत नगराई अन्य शीर्षकबाट खर्च गर्ने कार्य नियम सम्मत नदेखिएको रु.,

गो. भौ . नं./ मिति	खर्च शिर्षक	खर्च गरेको शिर्षक	खर्च रकम रु.
१७८।२०८१।८।१७	सवारी साधन मर्मत	कार्यालय सामाग्री मर्मत	९४३५५
३१०।२०८१।९।१७	भ्रमण खर्च	मशलन्द तथा कार्यालय सामाग्री	७६३८८
५५४।०८१।१२।७	सहिद दिल बादुर रम्तेल स्मृति कप भलिवल प्रतियोगिता	सहिद परिवार सम्मान कार्यक्रम	७६१६०५
११५०।०८२।३।२५	वडा समितिको मशलन्द, विविध	कार्यालयको विद्युतिय सामाग्री मर्मत	३७४४२०
जम्मा			१३६७६८

अनियमित भएको	१,३६,७६८

४२ **सट्टा शिक्षकः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको काम कर्तव्य अधिकारको व्यवस्था रहेको छ। जसअनुसार स्थानीय तहले आधारभुत तथा माध्यामिक तहसम्मको शैक्षिक व्यवस्थापन, शिक्षक दरबन्दी मिलान, परीक्षा व्यवस्थापन जस्ता कार्यहरू गर्नुपर्ने देखिन्छ। पालिकाले सूर्यज्योति माध्यमिक विद्यालयमा कार्यरत शिक्षक भिमकुमार श्रेष्ठलाई पालिकामा कामकाज गर्ने गरी सरुवा गरी निजको सट्टामा मासिक रू.४३,६८९ तलब भत्ता सुविधा दिने गरी त्रिलोचना श्रेष्ठलाई मिति २०८०।४।१ वर्ष भरिनै चाड पर्व खर्च तथा पोशाक खर्च समेत रू. ५७७९५७ खर्च लेखेको छ । यसरी पालिकाको शिक्षा महाशाखामा कर्मचारी व्यवस्थापन भइसकेपश्चात पनि पालिकामा व्ययभार पर्नेगरी सामुदायिक शिक्षकको योग्यता, अनुभव, सेवा आयोगको छनौट प्रक्रिया फरक भएको अवस्थामा समेत शिक्षक नियुक्ति गरी तलव भत्ता भुक्तानी दिएको रकम अनियमित देखिएको रु.,

अनियमित भएको	५,७७,९५७

४३ **अन्य निकायको खर्चः**

गाउँ कार्यपालिकाको कार्यालयको निर्णय अनुसार अन्य सरकारी कार्यालयलाई कार्यालय व्यवस्थापन तथा जग्गा भाडा, मर्मत सम्भार लगायतको कार्यको लागि रु. १०८४६२१ खर्च लेखी भुक्तानी गरेको छ । उक्त निर्णय अनुसार सि.टि.भि.टि.बाट सञ्चालित बारपाक बहुप्राविधिक शिक्षालयलाई निम्नानुसारको शीर्कमा रु. १०८४६२१ भुक्तानी गरेको देखियो । पालिकाले, पालिका क्षेत्र बाहेक अन्य निकायको खर्च भुक्तानी गरेको नियमित नदेखिएको रु.,

सि. नं .	कार्यालयको नाम	काम/ सामानको विवरण	खर्च रकम
१	बारपाक बहुप्राविधिक शिक्षालय	कृषि फर्म हेरालु ज्याला	५६७००
२	बारपाक बहुप्राविधिक शिक्षालय	जस्ता पाता	६०६३९
३	बारपाक बहुप्राविधिक शिक्षालय	खाजा खर्च	३००००
४	बारपाक बहुप्राविधिक शिक्षालय	छात्रावास र जग्गाको १ वर्षको भाडा भुक्तानी	९३७२८२
	जम्मा		१०८४६२१

अनियमित भएको	१०,८४,६२१

४४ **समानीकरण अनुदानबाट निजी शिक्षकको तलव भत्ताः**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । त्यसैगरी संघिय शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी सख्या पहाडमा सामान्यतया ४५ हुनुपर्ने उल्लेख छ। पालिकाले संघीय समानीकरण पालिका चालु खर्च शीर्षकबाट २ विद्यालयका दरबन्दी भन्दा बाहिरका शिक्षकलाई तलव भत्ता भुक्तानी गर्न रु. ४००००० खर्च लेखी भुक्तानी गरेको छ । पालिकाले यसप्रकारको अनुदान सहयोग विद्यार्थी चाप धेरै रहेका विद्यालयमा आन्तरिक श्रोतबाट उपलब्ध गराउनु पर्दछ । केही उदाहरण

गो. भौ . नं. / मिति	विद्यालयको नाम	खर्च रकम
५४२।०८१।१२।६	बालकौरी आधारभुत विद्यालय	१०००००
८४१।०८२।२।२०	जलकन्या देवी माध्यामिक विद्यालय	३०००००
जम्मा		४०००००

४५ **खेलकुद कार्यक्रमः**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिमेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि तयस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । गाउँपालिका तथा वडा स्तरीय देहायका विभिन्न खेलकुद कार्यक्रमलाई रु. ३४०४४१९ भुक्तानी गरेको छ । उक्त कार्यक्रमहरुमा नर्म्स तथा कार्यविधि बेगर खर्च भएको छ । पालिकाले युवा वर्गको शारिरिक मानसिक विकासको लागी तथा दुर्व्यसन वाट मुक्त गराउन युवा लक्षित कार्यक्रम संचालन गर्नु परेको र नेपाल सरकारले जारी गरेको मापदण्डहरुलाई पालना गरी नै कार्यक्रम संचालन गरिएको जवाफ दिएता पनी नर्म्स तथा कार्यविधि तयार गरी त्यस्ता कार्यक्रम संचालन गर्नुपर्दछ ।

केही उदाहरण

गो. भौ . नं . / मिति	भुक्तानी लिनेको नाम	भुक्तानी रकम रु.
६८।०८१।६।१७	राजु गुरुङ्ग लगायत १४ जना	८०२२०
१२९।०८१।७।१०	रियान्सी ट्रेडर्स प्रा. लि .(यूवा क्लवहरुका लागि खेलकुद सामाग्री सहयोग)	३९८८९०
३०९।०८१।९।१७	बारपाक सुलिकोट रनिङ शिल्ड रियान्सी ट्रेडर्स प्रा. लि . लगायत १७ व्यक्ति तथा विद्यालय	१६२०५१९
३६८।०८१।१०।२	बारपाक दौड प्रतियोगिता	१२००००
५०६।०८१।११।१५	विविध खेलकुद कार्यक्रम (दियालो युवा क्लव)	५००००
५०५।०८१।११।२४	सहिद दिल बहादुर रम्तेल स्मृति कप भलिवल (पवित्रा शर्मा)	१८४३२६
५०२।०८१।११।१३	विविध खेलकुद कार्यक्रम (जनप्रेमी युवा क्लव)	६००००
६९९।०८२।१।९	गंगाबहादुर घले (अजिरकोट कर्मचारी खेलकुद)	६१६६७
७१२।०८२।१।१०	विविध खेलकुद कार्यक्रम (निरु गुरुङ)	१२३७२४
६६६।०८२।१।३	भिम कुमार श्रेष्ठ (जिल्ला स्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड)	३६००७३
७५१।०८२।२।२	माझथर माध्यामिक विद्यालय(माझथर मा . वि . रनिङ्ग शिल्ड)	१५००००
७९१।०८२।२।१२	विविध खेलकुद कार्यक्रम (मनासलु युवा क्लव)	६००००
७८०।०८२।२।८	विविध खेलकुद कार्यक्रम (मनासलु युवा क्लव)	४५०००
८७८।०८२।२।२८	क्लवलाई खेलकुद सामाग्री वितरण(पव्लिक ट्रेड लिंक)	५००००
१०३७।०८२।३।१८	विविध खेलकुद कार्यक्रम (जनसाहारा युवा क्लव)	४००००
जम्मा		३४०४४१९

४६ **विद्यार्थी छात्रवृत्तिः**

पालिकाले गरिब असाहय, बाहिष्करणमा परेका तथा जेहेनदार बालबालिका हरुलाई उच्च शिक्षा तथा प्राविधिक शिक्षा अध्ययन गर्न सहयोग पुर्याउने उद्धेश्यले शैक्षिक छात्रवृत्ति व्यवस्थापन कार्यविधी २०८० स्वीकृत गरी लागु गरेको छ । यस कार्यक्रम अन्तरगत आव २०८०/०८१ बाट MBBS छात्रवृत्ति कार्यको लागि पालिका र छात्र दिक्षान्त सुवेदी विच २०८१-०२-११मा पालिकाले प्रति वर्ष ४ लाखका दरले ५ वर्ष सम्ममा रु. २०लाख उपलब्ध गराउने गरि शैक्षिक सहायता उपलब्ध गराउने सम्झौता भएको छ । यस आव सम्म रु. ८ लाख शैक्षिक सहायता भुक्तानी गरेको देखिन्छ । निजलाई कार्यविधिले तोकेको सर्त बमोजिम गरिव/असाहय/ जेहेन्दार भनि छुट्याउने सुचक स्पष्ट छैनन । यस प्रकारको शैक्षिक सहायताबाट तोकेको वर्ग / समुदायले अपेक्षित प्रतिफल प्राप्त गर्न सकेको देखिएन । गरिब/असाहय र वहिष्करणमा परेका विद्यार्थीले छात्रवृत्ति प्राप्त हुने सुनिश्चितता हुनु पर्दछ ।

४७ **खारेज / गाभिएको विद्यालय (२०८१)**

कार्यपालिकाको को निर्णयबाट निम्न विद्यालयहरु खारेज गरी शिक्षक / कर्मचारी अन्यत्र समायोजन भएको बिद्यालयको बैंक मौज्दात रकम रु. २०५०७/- संचित कोष फिर्ता गरेको देखिएन । विवरणमा उल्लेखित विद्यालय अनुसार देखाएको रकम रु.

१०५०७/- संघीय सञ्चित कोषमा दाखिला गर्नु पर्ने रु.,

क्र. स.	विद्यालयको नाम	रकम रु.
1	ज्ञान ज्योती आ. वि .	२०५०७
	जम्मा	२०५०७

असुल गर्नुपर्ने	२०,५०७

४८ **विद्यालय आर्थिक लेखापरीक्षण तथा विद्यालय क्षेत्र सुधार योजनाः**

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१० मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुको लागि सामाजिक तथा आर्थिक लेखापरीक्षण र विद्यालय सुधार योजना तोकेको अवधि भित्र स्थानीय तहमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । यस वर्ष मण्डली आ.वि. विद्यालयले सामाजिक तथा आर्थिक लेखापरिक्षण(२०८०।०८१), विद्यालय सुधार योजना(२०८१।०८२) बापत तोकेको दरमा निकासा गरी खर्च लेखेकोमा निकाशा भएको आर्थिक वर्षको विद्यालयको लेखा परीक्षण प्रतिवेदन तथा विद्यालय सुधार योजना प्रतिवेदन पेश गरेको देखिएन । नियमानुसार उक्त प्रतिवेदनहरु प्रमाण पेश गर्नु पर्ने रु.,

क्र स	विद्यालयको नाम	विषय	रकम
१	मण्डली आवि	आर्थिक लेखा परिक्षण प्रतिवेदन	१००००
२	मण्डली आवि	विद्यालय सुधार योजना	१५०००
	जम्मा		२५०००

प्रमाण पेश नगरेको	२५,०००

४९ **सामाजिक सुरक्षा तर्फः**

४९.१ **भत्ता वितरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले लाभग्राहीलाइ सामाजिक सुरक्षा भत्ता वापत यस वर्ष कूल रु. १६,९७,११,१३५।- वितरण गरेको छ । लेखापरीक्षण योजना अनुसार सबै भन्दा बढी भत्ता वितरण गरिएको २ वटा वडाहरु वडा नं ४ र २ को परीक्षण गरिएकोमा निम्न व्यहोरा देखियो ।

समुह/ त्रैमासिक	पहिलो त्रैमासिक		दोस्रो त्रैमासिक		तेस्रो त्रैमासिक		चौथो त्रैमासिक		बार्षिव विवरए
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या
अन्य जेष्ठ नागरिक भत्ता	२६८६	३१८५७७५९	२७३९	३२५४०३६२	२७४१	३२६४४९९५	२७६९	३२९२६६६८	१०९
जेष्ठ नागरिक भत्ता (दलित)	१७०	१३३००००	१७०	१३२९६४५	१६६	१३१६७००	१७०	१३३२६६०	६७६
जेष्ठ नागरिक एकल महिला	२८८	२२८७६००	२७७	२२०४०७६	२७३	२१५९९२०	२६५	२१०९३८०	११०
विधवा	४२०	३३१४७०३	४३२	३४०४८००	४४५	३५२७१६०	४५२	३५७७७००	१७४
पूर्ण अपाङ्गता भत्ता	९०	१०५०५०९	९३	१०९७५१६	९२	११०१२४०	९२	११०१२४०	३६७
अति अशक्त अपाङ्गता भत्ता	२४३	१५४४९२८	२४४	१५३७६९३	२३९	१५१९३९२	२४३	१५४०६७२	९६९
दलित बालबालिका	२१४	३३४५४०	२२४	३४१३८८	२२६	३४०२३५	२२३	३३७६५४	८८७
जम्मा	४१११	४१७२००३९	४१७९	४२४५५४८०	४१८२	४२६०९६४२	४२१४	४२९२५९७४	१६६

४९.२ **निस्क्रिय खाता तथा लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ (५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने वैंकले खाताहरु मध्ये निस्क्रिय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६ (३) अनुसार लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भूक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । वैंकले निष्कृय खाता, डमी खाता तथा लगत कट्टा गरेको विवरण उपलब्ध नगराएकाले वितरित रकम यकिन हुन सकेन । पालिकाले वैंकबाट सो विवरण लिई लगत कट्टा तथा अन्य प्रकृया पूरा गरी भत्ता वितरण कार्यलाई यथार्थपरक बनाउनुपर्दछ ।

५० **पेश्की फछर्यौटः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ४७-५५ मा पेश्की दिने र फस्यौंट गर्ने कार्यविधिको व्यवस्था रहेको छ । नियम ५१ मा पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फस्यौंटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले ब्याज समेत लगाई असुल गर्न सकिने व्यवस्था छ । यस कार्यालयबाट तपसिल बमोजिमका कर्मचारी तथा अन्य व्यक्ति/संस्थाहरुलाई पेश्की उपलब्ध गराएकोमा नियमावली, बमोजिम फस्यौंटको अवधि सकिएकोले कार्यालयको तर्फबाट आगामी दिनमा यस्तो अवस्था आउन नदिन विशेष ध्यान दिनुपर्दछ । अत: देहाए अनुसारका व्यक्ति तथा निकायहरुको नाममा वर्षान्त सम्म फछर्यौट हुन बाँकी रहेको पेश्की म्याद नाघेको रु.१०६६०००/- पेश्की फछर्यौट हुनुपर्ने रु.

क्र.सं.	कार्यक्रमको नाम	पेश्की लिने कर्मचारी/ ठेकदार/ संस्था/ उ.स.को नाम	म्याद नाघेको पेश्की
१	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	अधिकृत सातौंपवित्रा शर्मा	९००००
२	खार्चोक भन्ज्यांग - माझथर सडक वडा नं ३	सि एन्ड सी निर्माण सेवा	५००००
३	गाउँपालिका पूर्वाधार निर्माण	जय श्री भीमसेन कन्स्ट्रक्सन एण्ड कन्सर्न	५३६०००
४	सहिद दिल बहादुर रम्तेल स्मृति संग्रहालय विस्तार	आर ए कन्स्ट्रक्सन	२५००००
५	खार्चोक भन्ज्यांग - माझथर सडक वडा नं ३	सि एन्ड सी निर्माण सेवा	१४००००
		जम्मा	**१०६६०००**

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	१०,६६,०००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : बारपाक सुलिकोट गाउँपालिका, गोरखा , बारपाक सुलिकोट गाउँपालिका , गोरखा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	श्री सुवास आले	२०८१-०१-१३	हाल सम्म कार्यरत
लेखा प्रमुख	गंगा वहादुर घले	२०८१-०१-१३	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
६८,८९८	३,११३,८३८	२,८८१,८१०	०	०	१,११६,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	७,१८०,५४६
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	२,७२८,९८९
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	४,४५१,५५७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		८८०१६४१६	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४०५१४९५७२	चालु खर्च	४३७८५८८४१
प्रदेश सरकारबाट अनुदान	२५५२०१२०	पूँजीगत खर्च	१३४९३१९२८
राजश्व बाँडफाँट	१०२५८००३१	वित्तीय/अन्य व्यवस्था	७८६९९२३.०
आन्तरिक आय	१०१५८१८८		
अन्य आय	१०११३३७८		
कुल आय	५५३५२१२८९	कुल खर्च	५८०६६०६९२.०
बाँकी मौज्दात		६०८७७०१३	

अनुसूची - २

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।

- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।

- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।

- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।

- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।

- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।

- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।

- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।

- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।

- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।

- प्रयोग हुने सुनिश्चत भएपछि मात्र सामाग्री खरिद गर्नुपर्दछ भने खरिद भएका सामाग्रीहरु अनिबार्यरुपमा सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली (पाम्स) मा वर्गिकरण गरेर दाखिला गर्नुपर्दछ ।

- खरिद भएका औषधी तथा स्वास्थ्य सम्बन्धी उपकरणहरु विगतमा विद्युतीय लजिस्टिक व्यवस्थापन सूचना प्रमाणली (ई.एल.एम.आई.एस.) बाट ब्यबस्थापन हुनेगरेकोमा आर्थिक वर्ष २०८१/८२ देखि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)बाट ब्यबस्थापन गर्न अनियबार्य गरेकोमा ई.एल.एम.आई.एस. मा मौज्दात रहेका सबै औषधी तथा उपकरणहरु अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिम्मेबारी सार्नुपर्दछ ।

- कार्यालयकोआधिकारिक वेबसाईटमा कतिपय सूचना, जानकारी, तथ्याङ्क तथा फोटोहरु पुरानैरहने गरेकोमा अद्यावधिक गर्ने व्यवस्था गर्नुपर्दछ ।
- उपयोग हुने सुनिश्चित भएपछि मात्र सूचना प्रविधि प्रणाली (सफ्ट्वेयर) निर्माण गर्नुपर्दछ भने वेबमा आधारित सूचना प्रविधि प्रणाली (सफ्ट्वेयर) को सरकारी वेबसाईटबाट होस्टिङ्ग गर्ने ब्यबस्था गर्नुपर्दछ ।
- पुर्वाधार निर्माणकार्यको लागत अनुमान, नापी किताव, नापी बिल, तथाकार्यसम्पन्न प्रतिवेदनमा त्यस्तो विवरण तथा प्रतिवेदन तयार गर्ने तथा स्वीकृतगर्ने कर्मचारी तथा पदाधिकारीको नाम र पद खुलाउनेव्यवस्था गर्नुपर्दछ ।